# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

दुस्मनका तरफका चिठीपत्रली १०।८ जनामानिस दिनमा आयो भन्या तेस्तालाई नमार्नु आफ्ना पगरिसंग येस्ता-मानिस आयाका छ भनि षवर दिनु— २३

दोहरा वन्दुक चल्यापछि नालवन्दि फौजले गर्न्याकाम कुइकमार्च भन्यापछि दुस्मनका मुषतिर वढनु १ कामहलद्रिस भन्यापछि थामि टेक्याको जमिन नछोडी मुहुदा नफिराई लडनु २ कामरेट पोटझैंस भनि हटायो भन्या हडवडनगरि लैंनको दस्तुरसंग लडदै हटनु ३ काम फौज गैह्लले नवोलनु ४ काम येस्मा वढि जो वोलछ तेसलाई अफिसरले सजां गर्नु— २४

किल्लामा हमला गर्दा ५ सै कदम वरको जमिन जस्तो छ किल्ला नजिकको जमिन पनि उस्तै रहेछ भन्या वहिवाट जानु ५ सै कदम वरको जमीन हेर्दा अर्कै तरहको छ किल्ला नजिकको जमीनमा नआ माटो नया झार रहेछ भन्या तेसभित्र वारुदहाली सुरुं वनायाको छ भनिवुझनु त्यो वाटो फौज नलैजानु कदाचित् धोकापरि सुरुं उडिगयो भन्या उहि उडयाका सुरुंवाट फौज लस्कर लैजानु— २५

किल्ला माझमा छ वरिपरि जमिन माटो छ भन्या सुरुं होला भनि अफिसरहरूले तजवीज गर्नु किल्ला वरिपरि पत्थरको जमिन छ भन्या सुरुं होला भनि संका नगर्नु- २६

लडदा खेरि जतातिरवाट तोप हान्छ जंगीगोला गिराफले फौजलाई नहान्नु तोपैतिर हान्नु. रैफलले पनि तोपै हान्यातिर हांनु— २७

१०।८ तोप छोडि दुस्मन मैदानमा लडछ. तोपले तोपलाई हानि हटाउन सकियेन भन्या आफ्ना फौजले गोलि भरि तोपका दाहिनावाआ तोपका वीचवाट दौडिगै तोप आफ्ना हातगरि उहि टोपले उसै ठाउँमा वसि दुस्मनलाई फैरगरि मार्नु— २८

पल्टनियाके उर्दि आफ्ना फौज वढता हवस्. दुस्मनले लगारि ल्याउदा हवस् जाइलाग्दा र भागि आउंदा गोलंदाजको लैंनवाट विगुलकोलेडम वजायो भन्या उत्निखेर सुत्नु. उनले उठ भन्या वोलि नवजाउंज्याल नउठनु कदाचित् सिकिस्त परी हटाएर ल्याउनु पर्‍यो भन्या तोपको अगाडिवाट नल्याउनु दाहिनावाआवाट ल्याउनु दाहिनावाआता वाटो छैन भन्या तोपको मुहुदा वचाई तोपको अंतर पारि. पछिपछिको आलाराम गरि रित रेत गरि ल्याउनु— २९

गोलंदाजका अफिसरले लेडवन् वजाई दियापछि सुतिजानु जव उठ भन्या वोलि वजाईला झटपट उठि आफ्ना तोपतिर आउनु फेरि लेड.वन वजाया फेरि सुतनु गिटा वज्यापछि उठि दौडी तोपमा मेल हुनु— ३०

पैदलफौज गोलंदाजि फौजमा सामेल भयापछि. तोप

गोलंदाजिफौज पैदलफौज गैह्र सबैले प्राणदि लडनु आफ्ना तोप नछोडनु तोपछोडि भाग्यादेखि ८ हजारहात भागंज्यालसम्म उहिटोप फर्काई दुस्मनले आफुलाई हान्दछ र प्राण जान्छ पीठ फिराइ मर्‍याको नर्कवास पनि हुन्छ हतियार दुस्मनले लिछ लडाञी पनि हार हुन्छ आफु पनि श्री ५ सरकारको अप्सरिया हुन्छ– ३१

लडाञीमा आफ्ना लैनमा मिलन नजान्या र भागन्याको वन्देज

लडाञीमा अफिसर सिपाहि आफ्नु लैन छोडि भागि आउन्यालाई विकटका लैनले गोलि चलाई मारिदिनु –१

लडाईमा गयाका भागिपनि आयेनछ आपना दस्तुर माफिक लैनमा पनि मिलन गएन व लद्याकोलद्या लागिरहन्या सातपगरिसम्मका अफिसर पगरिलाई उहि पल्टनका सिपाहिमा भर्ति गरिदिनु सातपगरि देषि मुनिका हुंदा सिपाहिलाई पिपासा भर्तिदिनु– २

लडाईलाई उदिदि. काममा षटियापछि भागन्या जनरल कर्णेल वडा कपतान कपतान लेफटेन इन्साइन सुवेदार षर्दार ज्मादार कोत्या मेजर अजिटन लैन निसान वहिदार हुंदा सिपाहि पिपा षलासिका ज्मादार हवल्दार पिपाषलासितकलाई फासिदिनु– ३

लडाइंमा लुट गर्न्याको वन्देज

लडाञीका वीचमा दुस्मनका मर्‍याका मुर्दाको लडाञी छोडि जसले लुटगर्नामा पसलातसलाई पल्टनका कपतानले गोलि चलाई मार्नु– १

लडाइंमा कुप भै डेरामा पुग्यापछिको वन्देज

कपतान लेफटेन इन्साइन सुवेदार ज्मादार अजिटन लैन ह्वलदार हुदा गैह्रले लडाञीमा कुप भै डेरामा पुग्यापछि वन्दुक धुन लाउनु टुट्याफुट्याको वन्दुक वनाउनलाई नुकति गठा तोसदानमा वाकि रहेछ भनि वुझि फेरि थपि ३०।३० चोट भर्नाको भर्ना गरिदिनु हाजिरलि मर्‍याको येति घाईत्या येति भनि यस्को कागज कमांडियेरसंग लैजानु– १

लडाईमा घा लाग्याको वेरामी सह्यार संभार गर्न्या वन्देज

नसकन्या लाचारि वेरामि जतिछन् २।३ वासको ज्मागरि सिमानाको अडामा फिराई दिनु अफिसरलाई नफिराउनु– १

अलिक दिनमा ताजा हुन्या वेरामी जति छन् जुन किल्ला आफूले लीकन कुन्हुवा वस्याका छन् उस अडामा राषनु– २

घाईत्यालाई कसैले नेदेषन्या षिकिवारि सजिलो वछ्यान पारि षान्या कुरो र पानिको तजवीज गरि घाइत्या राषन्या ठाउमा लगि पकाई षुवाउन्या सुसार गर्न्या मानिस लगाई दिनु ओषधि गर्न्या नाउवैद राषि यौटा धर्म चिन्ह्या सवै घाइत्यालाई आफ्ना छोरा भाइ झै मायागर्न्या येक ठुलो अफिसर संभार गर्न्या राषि औषधि कपडा लता षानाले हर्कम नहुन्यागरि मालिकले तजवीज गरि पुर्‍याई दिनु उस जगामा कमान दिन्या मालि जो छ उसले रोजको ३ फेरा गै हेर्नु. कसैको दाज्यूलाई घा लाग्याको छ. कसैको वावुलाई घा लाग्याको होस तपनि हेर्न कसैलाई नदिनु जानत भर. घाइत्याको सह्यार गर्नु मर्न्या डवलको घाइत्यालाई वहि राषि औषधि वार्न लाउनु घाउ ठाकन्या डवल भयेछ उसका ज्यानलाई होस आयेछ भन्या उस्का २।३ दिनपछि नेपाल तरफ रवाना गरि नेपालको हस्पतालमा पठाइ दिनु नेपालमा पुग्यापछि उसको वारिसवाला कोहि आई हामि सह्यार गर्छौं भन्न आयो भन्या र घाइट्याले पनि म जान्छु भन्यो भन्या घरवालाको जिम्मा गरि पठाई दिनु वारिसवालाकोहि छैनन् भन्या नेपालमा रह्याका मालिकले उस वेरामीलाई नेपालको हस्पतालमा राषि श्री ५ सर्कारको षर्च लगाई इलाज औषधि षान्या पिउन्या वढना विछ्याउनाका तजवीजगरि वहुत तरहसंग सह्यार संभार गर्नु– ३

लडाईमा मर्न्याहरूको वन्देज

भोलि पर्सि लडाञी हुन्छ भन्या थाहा भयापछि कदाचित् लडाञीमा मर्न्या गाडना निमित्त हिमालय देखन्या डादो वाटोको नजिकपारि हुंदा सिपाहि पिपाला जिम्मा गैह्र जतिजात छन् १ जातलाई १ षालडो १ षालडामा १००

मानिस अटाउन्या तजवीजगरि षालडो पनि तैयार गरि राषनु मन्याकालाई षालडामा राषि पुर्नु ज्मादेषि उभोका पगरिलाई वेगला वेगलै षालडो षनि पुर्नु— १

लडाञीमा घा लागी दुस्मनका राज्यमा छन्ज्याल मन्यो भन्या सकल शास्त्रमा लेष्याको गुरु धर्माधिकारले वोल्याको दुस्मनको राज्यमा रहन्या भाई छोराले स्नानगरि शुद्ध हुन्छ आफ्ना मुलुकमा रहन्याले आफ्नु पुरानु विधिसंग क्रियाकाज गरि जुठो मांनु— २

लडाञी सांम्य भयापछि जोजो मन्याको छ उस्को वाफ ज्यादाको ३ पुस्ताको नाउलेषि जसले जस्तो जमार्मदिसंग लड्याकोछ उसको वयान सिलापत्रमा लेषि असल चौतारो वनाई श्री ५ सर्कारको षर्च लगाई शिवलिंग स्थापना गरि दिनु पौवा सतल वगैचा वनाई दिनु चिहानका शिवालयमा रोजिन्ना धूपवत्तिसंग पूजा चलन्या र रोजको १० हंडि-देखिमा माथि १०८ हंडिसम्म सदावर्त चला... गुठि राषिदिनु— ३

## दुस्मनका घाईत्या र मन्याका मुर्दाको वन्देज

लडाईमा कुपभै सकियापछि १ कपतान र १ पट्टि सिपाहि गै दुस्मनका घाइत्या मन्याका लोतपन्याका हेरि दुस्मनका घाइत्यालाई वतपारि सवैलाई ज्मागरि राषिदिनु हतियार देषिवाहेक घाइत्याले लायाका कपडालता गहना धनदौलत आफ्ना फौजले नलिनु मन्याका लोतपन्याको धनदौलत कपडा गैह्र जोछ ल्याई जुनजुन पल्टनले जित्याको छ उनै उनै पल्टनलाई वादि दिनु हाम्रो घाइत्या लैजांछौ भनि दुस्मनले मागन आया भन्या लैजान दिनु लैजान्या वारिस वाला मानिस कोहि आयनन निजसंग षान्या खर्च गर्न्या केहि रहेन छ भन्या १०।१५ दिनसम्म षानालाई रसद र आफुसंग भयाको औषधि दि वेसगरि सह्यार संभार गर्नु वरपरका गांउल्याको जिम्मा गरि छोडनु— १

## रसद वांडनाको वन्देज

दाउरा र वालन्या वस्तु भयाको ठाउँमा चावलको रसद वांडनु दाउरा र वालन्या वस्तु नभयाको ठाउंमा च्युरा र भुट्याको सत्तु हरू वाडनु— १

## कामकामको

आफ्ना फौजलाई दोचालत्ता कपडा ताकितगरि राषनु वारुद षजाना र रसद चावललाई नवसिन्या सर्दि नलागन्या गरि राषनु— १

आफुसंग गयाका कामि सार्कि जोछ उनहरुले आफ्नु जंगि असवाफ वनाउदै रहनु हातहतियार मालिकले वरोवर हेर्दै रहनु— २

४।५ सान वनाई राषि हरहमेसा हतियारमा वाढ लगाई राषनु केटा भरिया पिपालाई विषालु काढ धनु सवैलाई दि राषनु— ३

मालिक अफिसर फौजहरुको यकै ठाउँमा कालफाल जोरियापछि सवैले येकचित्त भै यकै वावुका छोराझैं मेलभै रहनु जसले मेलनगरि फुटन्या वाझन्या कुरागर्दछ उस्ता अफिसरदेखि लगायेत पिपासम्म जरिवाना डंडगर्ना माफिकलाई जरिवाना डंडगर्नु नाउ काटन लायेकलाई नाउ काटिदिनु— ४

उमरावदेखि पिपासम्म कचहरिमा वोल्दा कसैले केहि कुरा नजानि वोल्यो भन्या उसलाई अपमान गर्न्या झाटन्या उल्लु तुल्याउन्या कुरो नगर्नु उसले नजान्याको कुरामा अरु जान्या ४।५ जनाले यो कुरो यस्तोपो हो भनि समझाई दिनु अपमान गर्न्या र झाटन्या कुरो कसैले नगर्नु— ५

छोटोदेषि वडोसम्म आपु समान वोल्दा चालदाम वडो हुं छोटालाई लत्रिमानि किन वोलुं नभनु लत्रिमानि वोलनु— ६

वागचाल पचिसरंग गजिफा कौडी छक्वा त्रिपासा मकस वुद्धिचाल होडहान्नु वाजि थापनु जोर विजोग षेलनु जसले गर्ला मुलुकि ऐन वमोजिम सजां गर्नु— ७

भाइरक्सी जाँड अरष अफिस आफना अफिसर पगरि र वैदले औषधिका निमित्त षानाले षानु भनि कमान दि तजवीज गरि दियाको षानु आफ्ना मुनासिवले षाईकन जोगाफिल पर्ला वेसनद वोलला तेसलाई पैल्है १ चोट षायो भन्या २० वेट हान्नु फेरी दोस्राफेरा उसैले षायो भन्या अफिसरदेषि ज्मादारसम्मलाई काफर रहेछ मनि

पाक्याको वालि नदि नाउ काटि सिवानामा पठाईदिनु हुँदा सिपाहि पिपाषलासि लाजिमासम्मलाई पाक्याको वालि नदि नाउकाटि सिवानासम्म पठाउछन् भन्या पनि वालि नदि नाउकाटि उहि डवलडवल सजायगरि राषछन् भन्यापनि कमांडियेरको खुसि— ८

जनरलदेखि लेफटेनसम्मका पगरिहरूले लुटमा पर्न्या हराया चोरिया. हाम्रा घरघरानावाट तिरुला भन्याले श्री ५ सरकारका वालगिरि चाद तोडार आफनु कुर्था किन षापवनातका सुरुवाल जोछ भारि पोसाक लैजानु— ९

नयां कम्पनिको ज्मादार स्मेतपट्टि १ सोसाधमा राषनु सिवाना काटि लडाञीमा फौज चल्यापछि लडाञीमा जान्या कमांडियेरको राहदानी लि कामविशेष आउन्यालाई हाम्रा मुलुकमा आउनु दिनु राहदानि नलि जनरल देषि केटासम्म जो भागि नसि आउनन् उसलाई सवैले देषन्या ठाउवाटाका नजीकमा फासिदिनु— १०

टोपका जंतरका विषय

यो सानु जंत्र जोछ टाढावाटा आउन्या पैदलया घोडचढि येति टाढाछन् भनि जानुहुंछ येस्मा १ पिटलको चौडाटुरा छ तेस्मा फेरि अर्को योटा पिटलको लामु त्रिकोण वीचमा षुला भयाको छ येस्मा १ पट्टितिर पैदल मानिसको टाढा वन्याउन्या अंक काटियाको छ अर्का पट्टितुरुक सवारहरु येति टाढाछन् भन्या अंक काटियाको छ १ धागो जंत्रमा लाग्याको छ. तेस्को १ छेउ मुषको सामने लाउनु धागो सोझै तानिन्या गरि जंत्रलाउनु औ टाढाका मानिस त्रिकोणका षालिवाट हेर्नु र तस्को ठाउको र गोडाले जुन अंक छुंछ तेतिगज टाढाछन् भनि जानु— ११

मेजर कपतानले पल्टनमा उर्दिदिन्या २ सैगजमा जव जंत्र मिल्यो फेसादि वंदुक हान्न लाउनु ३ सैगजमा जव जंत्र मिल्यो क्यापवाला वन्दुक हान्न लाउनु— १२

लडाञीनदेषि लडाञी नगरि मनको अडकलले तजवीजगरी वनायाको अैन हो. अफिसरले योकागजमा लेख्यियाको काम जो छ लडाञी भयापछि फैदाभयाको र कामलागन्या कुरो राषनु वेफाइदाको लेषियाको जो छ. गैह्र अफिसर वसि कौशलगरि मेटन्या कुरो मेटनु थपन्या कुरो थपनु. तिमीहरूलाई कमान दियाको छ— १३

लडाईमा जान्या पिपाषलासिका स्वास्नि विगान्यो भन्या विगान्र्यावाट ५० रुपिञा विहाषर्च लोगन्यालाई भराइ त्यो स्वास्नि मासिक मारि भै जस्को स्वास्नि हो उसैले पाउंछ— १४

कमांडियेर अफिसरको मिहिनेत

लडाईमा कमाडियेर अफिसरले किल्लामा आडमा जसले फौज हलाउन सक्यो उस कमाडियेर अफिसरको मिहिनेत ठूलो— १

आफ्ना फौज वचाई दुस्मनको फौज घेर मार्न्याको दोस्रो मिहिनेत— २

आफुले टेक्याको जमिन आड किल्ला थामि लडन्या तेस्रो मिहिनेत— ३

आफ्ना पल्टन फौज अघिसारि दुस्मनसंग वरावर लडि तरवार गर्नु चौथो मिहिनेत— ४

आफ्ना पल्टन फौजलाई वढाई लैजान्दा आफुलाई घा लाग्याको पांचौ मिहिनेत— ५

आफ्ना पल्टन फौजसंग रहि लडदा घालाग्याको छेटौ मिहिनेत— ६

सिपाहिको मिहिनेत

अफिसरका हुकुम वमोजिममा पैल्है हमला गरि पैल्है किल्लाभित्र पसन्याको मिहिनेत पैल्हो लंवर— १

आफ्ना लैनसंग नफुटि वरोवर तरवारगरि लडन्याको मिहिनेत दोश्रो लंम्वर— २

हमला गर्न जाइ लाग्दा घालाग्याको मिहिनेत तेस्रो लंवर— ३

अडियेर लडाषेर घा लाग्याको मिहिनेत चौथो लंवर— ४

टेक्याको जमिन अफिसरका वेहुकुस नछोडि लडन्याको मिहिनेत— ५

तोपवमलाई पल्ला हांदा वारुद हालन्या तजवीज—

मोटा ६ पंनि पल्ला हांदा वारुद तोला १२० सम्म राषनु— १

पातला ६ पनिलाई पल्लाहांदा वारुदतोला ११० सम्म राषनु– १
अरु तोपवमलाई यहि हिसावसंग राषनु– १
नजिक हांदाषेर हिसाव अनुसार घटाउनु– १
सानावमलाई पल्ला हांदा वारुद तोला ४५ सम्म राषनु–१
नजिक हांदाषेर हिसाव अनुसार घटाउनु– १

वारुद वढन गयादेषि उहि डिगरिमा पनि वम गोला टाढा जांछ वारुद घटनगया उहि डिगरिमा पनि वम गोला वरै आउंछ– १

टाढा पठाउनलाई वारुदको तजवीज–
जौन ठाउंमा निसाना छ उसैठाउंमा पार्नु पऱ्योभन्या कति तोला वारुदले उसनिसानामा पुग्यो जंत्र कौन डिगरिमा मिल्यो जव वारुदको तजवीज र जंत्रको तजवीज मिल्यो तव उहि डिगरिमा पारि वरोवर हान्नु– १

सोझो हान्न मोतियाको तजवीज तेहि जंतरको डिगरि र वारुदको तौलमा निसानादेषि माथि ४ हातको अंदाज गोला फुटन्या गरि फ्यूजको हिसाव मिलाउनु– १

तोप हान्या तजवीज–
उहि मसाला उहि वारुद वारुदमा कमवेस पर्न गयो भन्या कम वारुदको फ्युज पर पुग्छ तेजिवारुदको फ्यूज वरै फुटछ– १

तोप वम हान्दा षेरि वारुदको जोर अनुसारको श्रेष्टामा र डिगरिमा मिल्छ कोहिवेलामा जोरवाला वारुद कोहि वेलामा कमजोरवाला वारुद पर्न गयो भन्या श्रेष्ठामा र डिगरिमा मिल्दैन– १

कोहि वेलामा तौलमा भारिगोला. कोहिवेलामा तौलमा हलुका गोला पर्न गयो भन्या सिरिस्तामा मिल्दैन तसकारण सवै गोलाको तौल वरावर गर्नु– १

तोप भर्दाषेर जौन हिसावले वारुद गोला डासहालि सुंवाठोक्योको छ उहि हिसावसंग वरोवरगरि गोलंदाजहरुले सुंवाठोकनु येक हिसावसंग नठोक्या ज्यादा ठोकियो भन्या गोला उडदछ कमठोकियो भन्या गोला लत्रंछ– १
तोप भर्दाषेरि सुंवावालाले भितको आगो निभन्यागरि वरावर सुंवा फिराइ दिनु– १
ब्रह्मर्मारहन्याले सासनजान्यागरि वरावर थुंदैगर्नु– १

षोक्रा गोला र सास जान्या पानि चुहुन्या गोला जोछन् तेस्ता गोलामा वारुद भरिकन फैर गयो भन्या मुषमा गोला फुटन्या छ र आफ्ना गोलंदाजहरु पर्न जांछन् तेस्ता रद्दि गोला अघ्यारै तजवीज गरि फेकनु– १

षोक्रा गोला दुस्मनलाई हान्दा षेरि उसले षायासम्म वारुदपनि भर्नु सिसाका गोलि भित्र हाल्दा फलामका गोलाका तौल वरावर हालनु– १

षोक्रा गोलामा फ्युज ठोकदा षुकुलो पनि नहवस् साह्रो ठोकदा गोला पनि चर्कन नजावस् षुकुलो ठोकदा तोपका आवाजले फ्युज पनि नझरोस् फ्युज ठोकन्याका मुषमा तोपका वारुदर. हापको वारुदले आगो लाग्दा गोलाभित्रको वारुदलाई आगो लागन नजावस– १
फ्युज ठोक्याको ठाउंमा मयन वेसगरि लाउनु. त्यो मयन झुलोतिर लागन गयो भन्या आगो लाग्दैन– १
तोपका दमकाले झुलोझर्न नजावस् झुलो रेशमले वेसगरि वाधनु झुलाको मसाला तेजवेस भया वर्ष दिनसम्म नवसिन्या उस्ता मसालाको झुलो वनाउनु– १

वर्षाद भयामा हिउँ पऱ्यामा फुट फयेरले आगो लाउनु– १

वर्षाद र हिउपऱ्याको छैन भन्या वारुदले पुटदियाको येक अंगुल मोटो वेसगरि घाममा सुक्याको कुंभिकापलेताले आगो लाउनु– १

दुस्मनलाई टाढा हान्नु पऱ्यो भन्या षदुवा गोला हान्नु उसभन्दा अलिक नजिक हांनुपऱ्यो भन्या १६।२५ गिराफ टाटमा वाध्याको गिराफ र फुटन्या गोला हांन्नु– १

दुस्मनको गोलि आफ्ना फौजमा आइपुग्यो भन्या तावाटिनका ढुंग्रिको गिराफ हान्नु– १

उहि तवल वारुद उहि दिगरिमा षवैचालाई हान्याको वरोवर पुग्छ षवैचा नलाग्याको पुग्दैन– १

उहि नापको फिउज मसाला वेसगरि हाली फ्युज ज्यादा ठोकियाको छ भन्या पर पुग्दछ कम ठोकियाको छ भन्या उहिनापमा वरै फुटछ फ्युज ठोकदा षेर येकै हिसावले

सबै फ्युज ठोकनु— १

अफिसर फौजले गर्न्या काम—

फ्युज ठोकनाको झुलो वनाउनाको यस वारुदको वजनले गोला आहासम्म पर्छ यस वारुदको वजनले गोला आहासम्म पर्छ भनि गोलंदाज अफिसरले अंदाजगरि राषनु— १

गोला सोझोलाउनु गोलंदाज अफिसरका कसरातको षुपि— १

षजाना सह्यार संभार गर्नु नारानोलको संग्रह गर्नु जगेरा राषनु गोलंदाज अफिसरको जांगर निमकको सोझो- १

षतडान षान्या षजाना प्रशस्त वनाई सह्यार गरि संग्रह गर्नु आफ्नु ज्यानको फौजको ज्यानको रक्षागरि आफ्नु नेकनामिर रोल वढाउनु— १

झुलो चकमक पत्थर दियासलाई गैह्र सवैले संग्रह गर्नु— १

फलाना तोपको फलाना पिपामा षजाना छ भनि लंवर टासि टासि राषनु— १

तोपको पुर्जा षोलन र तोपका पूर्जा मिलाउन अफिसर देषि गोलंदाज षलासिसम्मले वरावर जानि राषनु— १

लडाञीका वीजमा मारि छोडीषलासि भागन पनि नपाउन नजिकमा वसि आगो लागि गोलदाजहरू पनि मर्न नपाउन्— १

षजाना वारुद तौलन्या फिउज काटन्या इनलाई गोलि नलाग्न्या आडमा राषि वरावर कार्षाना गर्दै रहनु— १

गोलंदाजका पट्टिपट्टिलाई फलानापट्टि येति पंनिको तोप फलानापट्टिलाई येतिपंनिको टोप फलानापट्टिलाई यो वम भनि अगावै छुट्टिरहोस्— १

षलासिलाई पनि यसैरितसंग तोपवम छुट्टिरहोस्— १

यतियति गजमा वैरि छ भनि दुर्वेनले छुट्टिन्छ त्यो दुर्वेन मिलन्या छ तेसैले अफिसरहरूले हिसाप गर्नु— १

लडाईका वेलामा दुस्मनले तोप षोसन नपाउन् गोलि गिराफ तरोवारले हटाई भरिसक्य गरि थामनु उतिगर्दा थामन सकियेन भन्या वह्र्मामा फलामको किला ठोकिदिनु— १

तोपको खजाना भरिसक्यगरि उकासि ल्याउनु केहि सिप लागेन भन्या षाडल षनि गाडिदिनु-- १

किला ठोक्याको तोपलाई १ घडिमा वह्र्मा षोलि सकन्या हतियार पनि तयार गरि राषनु उल्टा कार्तोस पनि ठोकिदिनु— १

३०।४० हात अगाडि पल्टनछ पछाडि तोपछ भन्या अगाडि पल्टनलाई सुताई पछाडिवाट तोपले जंगीगोला हांनु हुन्छ मैदानमा र उचा जमिनमा— १

फ्युज ठोकन्या काठ वेसगरि पानिमरि सक्याको काठमा फ्यूज ठोकनु पानिको असारह्याको काठमा फ्यूज ठोक्या वसिछ— १

वेलायति असल वारुदको फ्यूज ठोकियाको धेरै वर्ष रहंछ नेपाली वारुदको फ्यूज ठोकियाकोमा ७ मैन्हा-सम्म मात्र रहंछ— १

लडाञीका वीचमा वैरि भाग्यो भनि. तोपछोडी वढि वन्दुक तरोवार गर्नापछि लागि गोलंदाज गोलंदाजका अफिसर कसैले जाई नलाग्नु— १

मैदान जमिनछ आफ्ना टोपलाई मद्दत दिन्या अरू पल्टन पनि छ भन्या आफ्ना फौजलाई वचाउगरि तोपलाई डोरिलगाई तोपघिच्याई गोला गिराफ हान्दै वस्नु— १

विकट जमिनछ भन्या तोपवाला गोलंदाज अफिसरहरूले तोपलाइन वढाउनु तषतापैया पनि नषोलनु आफ्ना तयारिमा रहनु— १

दुस्मनको फौजको र आफ्नु फौजको छाति जोरि तरोवार परि दुवैतरफको फौज छयासमिस भयाको छ भन्या तेस्ताठाउंमा गोलंदाज र गोलंदाजका अफिसरले तोप नहान्नु— १

अघि अघि आफ्ना फौज भागि आयाको छ पछि पछि

दुस्मनको फौजले भेटाईकन लगार्दै ल्यायाको छ भन्या सकंज्याल आफ्ना फौजलाई वचाई दुस्मनको फौजलाई तोपहान्नु कदाचित् आफ्नु फौजलाई वचाई हान्न भयेन फौज पनि अगाडि थोरै छ भन्या विगुलको लेडम वजाई आफ्ना फौजलाई सुनाई फैर गर्नु— १

१२ पंनि र जंगिवमहांदा मैदान जमिनमा ३०० गज सम्म फुटन्या गोला नफोर्नु ३०० गजभित्र फुट्यादेखि आफैतिर आई आफ्ना लस्करलाई लागला ३०० गजदेखि टाढा फोर्नु— १

ठुलोवम १०२ पंनिले मैदान जमिनवाट फुटन्या गोला हांदा ५०० गजदेषि नजीक नहान्नु किल्लाभित्र हान्नलाई मात्र ५० गजसम्म पनि हुंछ किल्लाभित्रका पर्षालदेषि माथि पाई नफोर्नु. पर्षालदेखि तल जमिनपाई फोर्नु र आफनु फौजलाई लाग्दैन— १

फुटन्या गोलाहातले हांदा दुस्मन वस्याका ठाउँमा पुगन्या-गरि फिउज काटि हांनु— आपनु लस्करछ भन्या १०० गज उचामा फोर्नु हुन्छ १०० गज नीचामा नर्फोर्नु १०० गज नीचामा फोर्‍या आफुतिर आउंछ दुस्मनले पनि यस्तै रितसंग फुटन्या गोलाहान्यो भन्या लेडवन् वजाई आफ्नु लस्कर सुताउनु र आफ्नु लस्करलाई लाग्दैन— १

उचाजगामा टोपहांनु पर्‍यो भन्या लकरपेचसम्ममात्र उठाउनु ताहादेखि उठाउनुपर्‍यो भन्या कम्पेडगानतिर षाडलषनि तोपको मुहुदा उचागरि फैरगर्नु-- १

निचाजगामा तोपहांनु पर्‍यो भन्या अगाडि पैयानेरा पानि ढलोगरि षंनु र तेसैमा पैयाले टेकाई हांनु पछाडि कम्पंडगानतिर चेपटोचेपटो ढुंगा हाल्नु ढुंगा नपाया चपरि माटोले उचागरि हांनु पानिढलो गरि पैयानेरा अगाडि षंडार कम्पडगाननिर चेपटो ढुंगा चपरिमाटो हाल्दाखेरि टोप नउल्टन्या र पैया कम्पंडगानमा धका नलाग्न्या गरि हान्नु-- १

(क्रमशः)